# साविकको शैक्षिक तालिम केन्द्रमा प्रशिक्षकको व्यवस्थापन कार्यविधि, २०८०

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

डा. भीष्मकुमार भुसाल
प्रदेश सचिव

# साविकको शैक्षिक तालिम केन्द्रमा प्रशिक्षकको व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना**

प्रदेश भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत विकासका लागि सञ्चालन हुने तालिम मार्फत क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०८० को दफा ९(२) ले दिएको अधिकार प्रयोग गरी साविकको शैक्षिक तालिम केन्द्र नुवाकोट, चितवन र काठमाडौं (काठमाडौं उपत्यका) प्रशिक्षकको व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेदः १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "साविकका शैक्षिक तालिम केन्द्रमा प्रशिक्षक व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्दछ ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्दछ ।

(घ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनु पर्दछ ।

(ङ) "विद्यालय" भन्नाले सम्बन्धन प्राप्त गरी सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

(च) "तालिम" भन्नाले शिक्षा तालिम केन्द्र वा तालिम सञ्चालन गर्ने तोकिएको निकायबाट सञ्चालन भएको तालिमलाई सम्झनु पर्दछ।

डा.भीष्मकुमार भूसाल
प्रदेश सचिव

(छ) "प्रशिक्षक" भन्नाले साविकको शैक्षिक तालिम केन्द्रमा कार्यरत प्रशिक्षकलाई जनाँउछ ।

(ज) "शिक्षा तालिम केन्द्र" भन्नाले प्रदेश सरकारको मातहतमा सञ्चालित शिक्षा तालिम केन्द्र धुलिखेल काभ्रेपलाञ्चोकलाई जनाँउछ ।

(झ) "साविकको शैक्षिक तालिम केन्द्र" भन्नाले साविकको शैक्षिक तालिम केन्द्र नुवाकोट, चितवन र काठमाडौंलाई जनाँउछ ।

(ञ) "विस्तारित तालिम केन्द्र" भन्नाले यस कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि साविकको शैक्षिक तालिम केन्द्र रुपमा रहेका चितवन, नुवाकोट र काठमाडौ (काठमाडौं उपत्यकामा सञ्चालित शिक्षा तालिमा केन्द्र धुलिखेलको मातहतको तालिम सञ्चालन गर्ने संस्था) लाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## उद्देश्य, शर्त र छनोट प्रक्रिया

३. <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

क) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तालिमको गुणस्तर अभिवृद्धि गर्नु,

ख) साविकको शैक्षिक तालिम केन्द्रको लागि प्रशिक्षक व्यवस्थापन गर्नु ।

४. <u>प्रशिक्षकको शर्तः</u> साविकको शैक्षिक तालिम केन्द्रमा प्रशक्षिकको लागि आवेदन दिन देहायका शर्त पूरा गरेको हुनु पर्नेछः-

क) सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत स्थायी शिक्षक हुनुपर्ने,

ख) माध्यमिक तहमा स्थायी (अनिवार्य विषयमा) भएको कम्तिमा ५ वर्ष पुगेको हुनुपर्ने,

ग) विस्तारित शिक्षा तालिम केन्द्र सञ्चालन हुने स्थानीय तह वा सम्वन्धित जिल्ला भित्रको माध्यमिक विद्यालयमा कार्यरत हुनुपर्ने,

घ) कम्तिमा स्नातकोत्तर तह उर्तीण भएको हुनु पर्ने,

ङ) माध्यमिक तहको शिक्षकको पेशागत विकास तालिम (TPD) पुरा गरेको हुनुपर्ने

च) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन भई सहमती प्रदान गरेको हुनुपर्ने,

छ) सम्वन्धित स्थानीय तहको समहती हुनुपर्ने ।

५. <u>छनोट समितिः</u> (१) प्रशिक्षक छनोट गरी सिफारिस गर्न देहायबमोजिमको छनोट तथा सिफारिस समिति रहनेछः

(क) सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखा प्रमुख – सदस्य

डा. भीष्मकुमार भूसाल
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

(ख) अधिकृत, सम्बन्धित शिक्षा तथा समन्वय इकाई – सदस्य

(ग) तालिम प्रमुखले तोकेको शिक्षा तालिम केन्द्रको अधिकृत -सदस्य

(२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. <u>छनोट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>ः छनोट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) साविक शैक्षिक तालिम केन्द्र नुवाकोट र काठमाडौं वा काठमाडौं उपत्यकाका लागि प्रशिक्षक छनोटको लागि १५ दिनको सूचना प्रकाशन गरी इच्छुक माध्यमिक तहका शिक्षकहरुबाट आवेदन माग गर्ने

ख) साविक शैक्षिक तालिम केन्द्र नुवाकोट र काठमाडौं वा काठमाडौं उपत्यकाका लागि अलग अलगरुपमा प्रशिक्षकहरुको छनोट गर्ने

ग) अनुसूची १ बमोजिम प्रशिक्षक छनोट गरी शिक्षा तालिम केन्द्र समक्ष सिफारिस गर्ने

घ) प्रशिक्षकको रुपमा काजमा रही हालसम्म कार्यरत रहेका साविकको शैक्षिक तालिम केन्द्रको प्रशिक्षकको हकमा भने रिक्त नभएसम्म छनोट नगर्ने ।

७. <u>प्रशिक्षकको तलव भत्ता र प्रशिक्षकको सट्टामा नियुक्त हुने शिक्षकको तलव भत्ता अनुदान निकासा प्रक्रियाः</u>

(१) साविकको शैक्षिक तालिम केन्द्रका लागि दफा ६ अनुसार छनोट भई कार्यरत वा पहिले देखिनै काज रही कार्यरत प्रशिक्षकको दरवन्दी रहेको विद्यालयमा सट्टा शिक्षकको रुपमा प्रचालित कानुन अनुसार नियुक्त गरी सोको नियुक्तिको विवरण सम्बन्धित स्थानीय तहले शिक्षा तालिम केन्द्रमा दिनु पर्ने छ । नियुक्ति भई हाजिर भएको मिति देखि अनुदानको रुपमा माध्यमिक तृतीय श्रेणीको सुरु तलव स्केल बरावरको तलव विद्यालयको खातामा सम्वन्धित स्थानीय तह मार्फत वा शिक्षा तालिम केन्द्रबाट निकासा हुनेछ ।नियमानुसार पाउने चाडपर्व खर्च समेत अनुदान उपलब्ध गराईने छ ।

(२) सम्वन्धित विद्यालयबाट माग फारम पेश गर्नु पर्नेछ ।

(३) प्रशिक्षकको रुपमा काजमा खटिने शिक्षकको तलव भत्ता नियमित रुपमा दरबन्दी रहेको विद्यालयबाट भूक्तानी गर्नु पर्ने छ ।

डा.भीष्मकुमार भूसाल
प्रदेश सचिव

८. **स्थानीय तह, विद्यालय र शिक्षा तालिम केन्द्र बिचको संझौता:** (१) स्थानीय तह, विद्यालय र शिक्षा तालिम केन्द्रवीच प्रशिक्षक छनोट भएपछि अनुसूची २ अनुसारको संझौता गरिनेछ। जसमा अनुदान, तलव निकासा र अन्य आवश्यक पक्षमा संझौता गरिनेछ ।

९. **प्रशिक्षकको सेवा सुविधा:** (१) प्रशिक्षकको रुपमा साविकको शैक्षिक तालिममा खटिने प्रशिक्षकले निम्नुसारको सेवा सुविधा प्राप्त गर्ने छ:

(क) तोकिएको विस्तारित तालिम शाखाबाट तालिम केन्द्रले अन्यत्र तालिम सञ्चालनको लागि खटाएमा नियमानुसार दोहोरो नपर्ने गरी दैनिक भ्रमण भत्ता खर्च पाईनेछ ।

(ख) प्रशिक्षकको रुपमा रहदा हिउदे र वर्षे विदा पाईने छैन । सोको सट्टामा कार्य गरेको प्रतिमहिना २.५ दिनका दरले घर विदा पाउने छ । यसरी पाउने घर विदा अर्को वर्षका लागि सञ्चित हुनेछैन र सञ्चित घर विदा वापतको रकम भूक्तानी हुनेछैन ।

(ग) अन्य विदा शिक्षकले पाउने सो सरह पाउनेछ ।

(घ) तलव भत्ता दरबन्दी रहेको विद्यालयबाट भूक्तानी लिनु पर्नेछ ।

## परिच्छेद ३

## विभिन्न निकाय एवम् प्रशिक्षकको भूमिका

१०. **मन्त्रालयको काम, कर्तव्य र अधिकार:**

(क) शिक्षक तालिम र प्रशिक्षक व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्ने

(ख) तालिम कार्यक्रमको लागि बजेट कार्यक्रम तर्जुमा गर्ने

(ग) स्थानीय तह र विद्यालयसँग समन्वयका लागि सहजीकरण गर्ने

(घ) अनुगमन तथा मूल्याङ्कन गर्ने ।

११. **शिक्षा तालिम केन्द्रको भूमिका काम, कर्तव्य र अधिकार**

(क) साविकका शैक्षिक तालिम केन्द्रहरुको संरक्षण र सञ्चालनमा सहयोग गर्ने ।

(ख) साविकको शैक्षिक तालिम केन्द्रमा एक जना प्रशिक्षकको व्यवस्था गर्ने ।

(ग) छनोट भई सिफारिस भएका प्रशिक्षकको नियुक्ति गर्ने ।

(घ) प्रशिक्षकको लागि कार्य विवरण (Job description) उपलब्ध गराउने ।

(ङ) साविकको शैक्षिक तालिम केन्द्रहरुमा नियमितरुपमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

डा. भीष्मकुमार भूसाल
प्रदेश सचिव

(च) प्रशिक्षकको सट्टामा नियुक्त शिक्षकको तलव भत्ता निकासा दिने ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१२. **स्थानीय तहको काम, कर्तव्य र अधिकार**

(क) प्रशिक्षकहरु छनोटको इच्छुक शिक्षकलाई सहमती प्रदान गर्ने

(ख) प्रशिक्षक छनोट भई रिक्त भएको पदमा नियमानुसार सट्टा शिक्षक नियुक्त गर्ने व्यवस्था मिलाउने

(ग) प्रशिक्षकको सट्टामा नियुक्ति भएका शिक्षकको तलवको लागि मासिक रुपमा माग फारम पेश गर्ने

(घ) प्रशिक्षकको रुपमा खटिएका शिक्षकको नियमानुसार तलव, भत्ता भूक्तानीको व्यवस्था मिलाउने दिने

(ङ) शिक्षक तालिमका लागि तालिम केन्द्रको माग अनुसार शिक्षक छनोट गरी पठाउने ।

१३. **साविकको शैक्षिक तालिम केन्द्रको काम, कर्तव्य र अधिकारः**

(क) भवन तथा अन्य सम्पत्तिको रेखदेख र संरक्षण गर्ने

(ख) तालिम केन्द्र नियमितरुपमा सञ्चालन गर्ने

(ग) शिक्षा तालिम केन्द्रको निर्देशनमा तोकिएबमोजिम तालिम सञ्चालन गर्ने

(घ) छात्रावासको नियमित रेखदेख र सरसफाइ सहितको व्यवस्थापन गर्ने ।

१४. **प्रशिक्षकको काम, कर्तव्य र अधिकार**

(क) प्रशिक्षक रुपमा छनोट भएको तालिम केन्द्र/शाखामा पूर्णकालिन प्रशिक्षकको रुपमा कार्यलय समयभर बस्नुपर्नेछ ।

(ख) शिक्षा तालिम केन्द्रको निर्देशनअनुसार शिक्षक तालिम सञ्चालनका लागि मासिक/त्रैमासिक/वार्षिक कार्ययोजना तर्जुमा गर्ने ।

(ग) तालिम सञ्चालनको क्रममा आवश्यकताअनुसार तालिमको संयोजक र प्रशिक्षकरुपमा कार्य सम्पादन गर्नुपर्ने ।

(घ) तालिमका सहभागिहरुको विद्यालयमा आधारित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ङ) तालिम केन्द्रको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

डा. [illegible]कुमार भूसाल
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद ४
## विविध

**१५. लेखा तथा लेखापरीक्षण:** विद्यालयमा निकाशा भएको सट्टा शिक्षकको अनुदानको लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

**१६. सरकारी बाँकी सरह असुलउपर गरिने:** अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालयले तोकिएको शर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१७. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

**१८. कार्यविधि संशोधन तथा परिमार्जन:** यस कार्यविधिमा उल्लेख भएका विषयहरु मध्ये आर्थिक भार पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

डा. भीष्मकुमार भूसाल
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

## अनुसूची -१

### प्रशिक्षक छनोटका आधार

| क्र.स. | विषय क्षेत्र | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता वापत अङ्क | १५ | |
| • | क. उम्मेदवारको न्यूनतम (स्नात्तकोतर) शैक्षिक योग्यताको श्रेणी वापत - १० अङ्क<br>• विशिष्टता -१० अङ्क<br>• प्रथम – ८ अङ्क<br>• द्वीतिय -६ अङ्क<br>• तृतिय -४ अङ्क<br>ख. माथिल्लो योग्यता (एमफिल भएमाः ३ र पीएचडी भएमाः ५)- ५ अङ्क | | |
| २ | माध्यमिक तहमा कार्यरत अनुभव अङ्क<br>• १० वर्ष भन्दा माथि- १० अङ्क<br>• ५ वर्ष भन्दा माथि १० वर्ष सम्म –८ अङ्क | १० | |
| ३ | भौगोलिकता वापतको अङ्क<br>• विस्तारित शिक्षा तालिम केन्द्र सञ्चालन हुने सम्वन्धित पालिकाभित्रको विद्यालय भएमा — ५ अङ्क<br>• विस्तारित शिक्षा तालिम केन्द्र सञ्चालन रहने सम्वन्धित जिल्लाभित्रको विद्यालय भएमा — ४ अङ्क | ५ | |
| ४ | अन्तर्वाता | २० | |
| | कुल अङ्क | ५० | |

कुमार भूसाल
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

## अनुसूची -२

**शिक्षा तालिम केन्द्र, धुलिखेल, ...................... स्थानीय तह र प्रशिक्षक श्री ......................। वीच भएको त्रीपक्षीय सम्झौता**

शिक्षा तालिम केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ ), ..........................जिल्ला ......................................... महानगरपालिका / गाउँपालिका (जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) र .................... ........... जिल्ला ......................................... महानगरपालिका / गाउँपालिका वडा नं .............................. मा सञ्चालित ....................................... मा वि मा माध्यमिक तह ........... श्रेणीका .............................. विषयका शिक्षक श्री ..........................................................(जसलाई यस पछि तृतीय पक्ष भनिने छ) वीच शिक्षा तालिम केन्द्र धुलिखेलको विस्तारित तालिम शाखा .......................... को प्रशिक्षकको ..................... ........... जिल्ला ............................................ महानगरपालिका / गाउँपालिका वडा नं .............................. मा सञ्चालित ........................................ मा वि मा माध्यमिक तह ........... श्रेणीका ............................. विषयका शिक्षक श्री ........................................................... ले कामकाज गर्न तपसिलका शर्तहरु पालना गर्ने गरी यो त्रीयक्षीय सम्झौता गरिदियौ लियौ

**<u>क) प्रथम पक्षले पालन गर्नु पर्ने शर्तहरु</u>**

१. आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम अनुसार विस्तारित तालिम शाखामा तेस्रो पक्षको दरबन्दीमा सट्टा शिक्षकको रुपमा नियमानुसार नियुक्ति भई हाजिर भएको मिति देखि माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकले पाउने सुरु स्केल तलव, नियमानुसारको चाडपर्व भत्ता दोस्रो पक्ष मार्फत उपलब्ध गराउने ।

२. तेस्रो पक्षलाई नियमित रुपमा विस्तारित तालिम शाखामा कार्यविवरण सहित कामकाजमा खटाउने ।

३. तेस्रो पक्षको कार्यविवरण कार्य सम्पादनको नियमित रुपमा अनुगमन गर्ने ।

४. तेस्रो पक्षको कार्य सम्पादन सन्तोषजनक नभएमा निजलाई सम्बन्धित विद्यालयमा फिर्ता गरिनेछ ।

**<u>ख) दोस्रो पक्षले पालना गर्नु पर्ने शर्तहरु :</u>**

५. प्रशिक्षक छनोट भई रिक्त भएको पदमा नियमानुसार सट्टा शिक्षक नियुक्त गर्ने व्यवस्था मिलाउने ।

६. प्रशिक्षकको सट्टामा नियुक्ति भएका शिक्षकको तलव प्रथमपक्ष समक्ष माग गर्ने।

७. प्रशिक्षकको रुपमा खटिएका शिक्षकको नियमानुसार तलव, भत्ता माग फारम विद्यालयबाट लिई निकासा दिने ।

८. प्रशिक्षकको सट्टामा नियुक्ति भएका शिक्षकको एक आर्थिक वर्षको तलव भत्ता अर्को आर्थिक वर्षमा भूक्तानी नहुने हुदाँ समयमा नै माग गरी प्रथम पक्षबाट निकासा लिई सक्नु पर्ने ।

डा.भीष्मकुमार भूसाल
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

९. प्रशिक्षकको सट्टामा नियुक्ति भएका शिक्षकको तलव भत्ताको खर्चको प्रगति विवरण प्रथमपक्ष समक्ष त्रैमासिक रुपमा पठाउनु पर्ने ।

१०. तेस्रो पक्षको नियमानुसारको तलव भत्ता निजको दरबन्दी रहेकै विद्यालयबाट भूक्तानी दिने व्यवस्था मिलाउने पर्नेछ ।

**ग) तेस्रो पक्षले पालना गर्नु पर्ने शर्तहरु :**

११. तालिम केन्द्र/शाखामा पूर्णकालिन प्रशिक्षकको रुपमा कामकाज गर्नु ।

१२. शिक्षा तालिम केन्द्रको निर्देशनअनुसार शिक्षक तालिम सञ्चालनका लागि मासिक/त्रैमासिक/वार्षिक कार्ययोजना तर्जुमा गर्नु पर्नेछ ।

१३. तालिम सञ्चालनको क्रममा आवश्यकताअनुसार तालिमको संयोजक र प्रशिक्षकरुपमा कार्य सम्पादन गर्नु पर्नेछ ।

१४. तालिमका सहभागिहरुको विद्यालयमा आधारित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१५. तालिम केन्द्रबाट तोकिएको तालिम सञ्चालन गर्ने, तालिमको नतिजा तयार गर्ने, अभिलेख व्यवस्थापन गर्ने ।

१६. जिम्मेवारी तोकिएको तालिम केन्द्र/शाखाको संरक्षण, रेखदेख गर्ने ।

१७. साविकको शैक्षिक तालिम केन्द्रमा प्रशिक्षकको व्यवास्थापन कार्यविधि, २०८० को दफा ९ अनुसारको सेवा सुविधाको अधिनमा रही कार्य सम्पादन गर्नु पर्ने ।

१८. कार्य सम्पादन सन्तोषजनक नभएको भनी काज फिर्ता गरेमा वा अन्य व्यवस्था भएको अवस्थामा यो सम्झौता सोही मितिबाट समाप्त हुनेछ ।

१९. तालिम केन्द्रको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

**घ) सम्झौताको अवधि**

२०. यस सम्झौताको अवधि बूदाँ नं १८ को अवस्था बाहेक मिति २०८०। । । देखि २०८१ असार मसान्तसम्म रहने छ ।

२१. तेस्रो पक्षको कार्य सन्तोषजनक भएमा र कार्यक्रमको निरन्तर भएमा तालिम केन्द्रको आवश्यकता अनुसार सम्झौताको म्यादथप गर्न सकिने छ ।

**संझौता गर्ने पदाधिकारीहरु**

| प्रथम पक्षको तर्फबाट सम्झौता गर्ने | दोस्रो पक्षको तर्फबाट सम्झौता गर्ने |
|---|---|
| १. तालिम प्रमुखको नाम | १) नाम : |

डा.भीष्मकुमार भूसाल
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

पद : पद :

दस्तखत : दस्तखत :

कार्यालयको छाप कार्यालयको छाप

३. तेस्रो पक्षको तर्फबाट सम्झौता गर्ने

नाम :

पद:

दस्तखत : कार्यालयको छाप

४. रोहवर

नाम :

पद:

दस्तखत :

डा. भीष्मकुमार भूसाल
प्रदेश सचिव